# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस ८ गते २०३१ साल

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

भन्सार सुविधा र महसूल सुविधा प्राप्त व्यक्ति वा संस्था र श्री ५ को सरकारले निर्णय गरेका व्यक्तिहरूको लागि एक भन्सारबाट अर्को भन्सारमा सील गरी पठाउने विषयमा श्री ५ को सरकारले देहायबमोजिम गर्ने गरी निर्णय गरेकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरेको छ।

(१) भन्सार सुविधा र महसूल सुविधा प्राप्त व्यक्ति वा संस्था र श्री ५ को सरकारले निर्णय गरेको व्यक्तिहरूको मालसामान सिमावर्ति भन्सारहरूले सील गरी त्रिभुवन विमानस्थल भन्सारमा पठाउन सक्नेछ र सो सील गरे बापत निजहरूसंग प्रति अक्त रू. ५।– का दर्ले सेवा खर्च (सर्भिस चार्ज) लिइनेछ। यसरी सील गरिल्याएको मालसामान ३६ घण्टा-भित्र त्रिभुवन विमानस्थल भन्सारमा पुगी सक्नु पर्नेछ। त्रिभुवन विमानस्थल भन्सारले त्यस्तो मालको सील जांच गरी भन्सार सुविधा प्राप्त व्यक्तिको माल बाहेक अरू व्यक्तिको माल खोली महसूल लिनु पर्ने भए सो समेत लिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) (क) भन्सार सुविधा प्राप्त व्यक्ति वा संस्थाको माल नेपाल अधिराज्य बाहिर पठाउँदा निजहरुले चाहेमा निजहरूकै घरमा वा कार्यालयमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका कर्मचारी गई सील लगाई दिने र सो सील लगाई दिए बापत निजहरूसंग प्रति अदत रू. ५।–(पाँच)का दर्ले सेवा खर्च लिने तर यस्तो सुविधा पाउने व्यक्ति वा संस्थाले त्रिभुवन विमानस्थल भन्सारमा नै माल ल्याई सील लगाउन चाहेमा सील लगाई दिने र सो बापत सेवा खर्च लिने छैन ।

(ख) महसूल सुविधा प्राप्त व्यक्ति वा संस्था वा श्री ५ को सरकारले निर्णय गरेको व्यक्तिको माल नेपाल अधिराज्य बाहिर पठाउन त्रिभुवन विमानस्थल भन्सारमा ल्याएमा माल जाँची लिनु पर्ने भए भन्सार महसूल समेत लिई सील लगाई दिने र सो सील लगाई दिए बापत प्रति अदत रू. ५।– का दर्ले सेवा खर्च (सर्भिस चार्ज) लिइनेछ । यसरी सील गरिएको माल ३६ घण्टाभित्र सिमावर्ति भन्सार-हरूमा पुऱ्याई सक्नु पर्नेछ ।

नेपाल राजपत्र भाग ४ खण्ड १६ संख्या ४२ मिति २०२३।११।८ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले–  
भरतबहादुर प्रधान  
श्री ५ को सरकारको सचिव

९६८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।